# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

### प्रदेश निजामती सेवा अन्तर्गत अधिकृतस्तर एघारौं तहका (प्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्वारा हुने बढुवाको संशोधित सूचना ।

सूचना नं.: १४६/०८२/८३ प्रकाशन मितिः २०८२/०८/२६

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (७) बमोजिम तपसिल बमोजिमका पदहरुमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/१०/०१ गते सम्म दरखास्त दिनुहुन सूचना गरिन्छ ।

**<u>तपसिल</u>**

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समूह | जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्वारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/०८२-८३ | प्रमुख जनस्वास्थ्य प्रशासक | एघारौं | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | १ |
| २ | २/०८२-८३ | प्रमुख मेडिकल सुपरिटेन्डेन्ट | एघारौं | प्रदेश स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| ३ | ३/०८२-८३ | प्रमुख कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/मेडिकल जनरलिष्ट | १ |
| ४ | ४/०८२-८३ | सहसचिव (प्रा.)/महानिर्देशक | एघारौं | प्रदेश कृषि* | १ |

** यस आयोगको सूचना नं. १५९, मिति २०८२/०८/२६ को सूचना अनुसार सूचना संशोधन गरी समूह हटाइएको।*

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट https://ppsc.lumbini.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ ।

**उमेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

१. प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ बमोजिम बढुवाको लागि उमेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन २०८० को दफा २७ र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ५७(२) बमोजिम हुनेछ ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।

६. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४), दफा ३९(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१, दफा ३८(२) र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ७० बमोजिम हुनुपर्नेछ ।

८. बढुवा सम्बन्धि अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।

| | |
|---|---|
| दरखास्त दस्तुर: | रु. १५००/- (एक हजार पाँच सय रुपैयाँ) |
| दरखास्त दस्तुर बुझाउने स्थान: | राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ । |
| कार्यालय कोड: | २१०००४८०१५ |
| राजस्व शिर्षक नं.: | १४२२४ (लुम्बिनी प्रदेश लोक सेवा आयोग) |

नोट: जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

***